# कालीगण्डकी गाँउपालिका
# गाँउ कार्यपालिकाको कार्यालय

विर्घा, स्याङ्जा,
स्थापित २०७३

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या
चलानी नं.

मिती:- २०७६।०६।०८

## दरभाउपत्र / वोलपत्र आव्हान सम्वन्धी सूचना ।

( दोश्रो पटक सूचना प्रकाशित मिति २०७६।०६।०८)

मिति २०७६।६।७ को राजश्व परामर्स समितिको निर्णय तथा यस गाउपालिका द्वारा तपशिल वमोजिमका नाकाहरुमा ढुङ्गा, गिटी, वालुवाको ठेक्का वन्दोवस्तको लागी स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा गण्डकी प्रदेश सरकारवाट जारी भएको ढुङ्गा, गिटी, वालुवा उत्खनन् क्रसिङ र विक्री वितरण कसर उद्योग स्थापना र सञ्चालन व्यवस्थित गर्ने कार्यविधि २०७५ वमोजिम यस गाउपालिकाको आ.व. २०७६/०७७ को लागी निम्न स्थानहरुमा कर, दस्तुर तथा आन्तरीक आय संकलन (ठेक्का वन्दोवस्त ) गर्ने प्रयोजनको लागी तोकिएको न्युनतम अंकमा नघट्ने गरि निम्न लिखित सर्तको अधिनमा रहि ठेक्का नं. अनुसार छुट्टा छुट्टै छुट्टै दरभाउपत्र / वोलपत्र फारम खरिद गरि रितपुर्वक शिलवन्दी दरभाउपत्र / वोलपत्र पेस गर्न यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | ठेक्का नं. | ठेक्का नाकाको नाम | आ.व. २०७६।७७ को लागि न्यूनतम अंक रु. | दरभाउपत्र /वोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|
| १. | २.१ | अरुवाघाट | ३५००००। | १०००। |
| २ | २.२ | शेराफाँट घाट | ४०००००। | १०००। |
| ३ | २.५ | प्युघाघाट मिगु | २०००००। | १०००। |
| ४ | २.६ | रानीघाट | ३०००००। | १०००। |
| ५ | २.७ | दीवलघाट | ३०००००। | १०००। |
| ६ | २.८ | काभ्रेघाट | ३०००००। | १०००। |
| ७ | २.९ | दैलातुङ् घाट | २०००००। | १०००। |
| ८ | २.१२ | वारीचौर घाट | ३५००००। | १०००। |
| ९ | २.१४ | टंलेहवा सटाक घाट | ३०००००। | १०००। |
| १० | २.१५ | छोडुवा घाट | ४५००००। | १०००। |

शर्तहरु,

१. दरभाउपत्र/वोलपत्र पेश गर्दा व्यक्तिले ( १ लाख ५० हजार सम्मको मात्रै) नागरिकताको प्रतिलिपि , स्थायी लेखा नं. र जति सुकै रकमको दरभाउपत्र/वोलपत्र पेश गर्ने फर्म वा संघ संस्थाको हकमाफर्म दर्ता प्रमाणपत्र नविकरण गरेको , स्थायी लेखा नं. , मु.अ. कर दर्ता प्रमाणपत्र , कर चुक्ताको प्रतिलिपी सहित निवेदन दिई तोकिएको दस्तुर नगदै तिरी पछि फिर्ता नहुने गरि यो सुचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस कार्यालयबाट दरभाउपत्र/वोलपत्रफारम खरिद गर्न सकिने छ ।

२. दरभाउपत्र/वोलपत्र ८ औ दिन मध्यान्ह १२ बजे भित्र यस कार्यालयमादर्ता गर्नू पर्नेछ । दरभाउपत्र/वोलपत्र दाखिला गर्दा शिलबन्दी गरि कार्यालयको नाम , ठेक्का नं र कामको नाम तथा दरभाउपत्र/वोलपत्रदाताको नाम , ठेगाना स्पष्ट रुपमा खाम वाहिर उल्लेख गर्नु पर्नेछ । दरभाउपत्र/वोलपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्तकार्य ततपश्चात लगतै कार्यालय खुलेको दिनमा हुनेछ ।

३. दरभाउपत्र/वोलपत्र साथ आफुले कवोल गरेको जम्मा अंकको ५ प्रतिशतले हुन आउने जमानत रकम यस कार्यालयको प्राइम कमर्सियल बैंक लि ग-३ **००६७०००२६CA** धरौटी खातामा जम्मा गरेको सक्कलै बैक भौचर पेश गर्नु पर्नेछ ।

४. म्याद भित्र पेश हुन आएका दरभाउपत्र/वोलपत्र पेश गर्ने अन्तिम दिनको अपरान्ह १ बजे पछि दरभाउपत्र/वोलपत्र वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । म्याद नाघी आएको , कार्यालयबाट विक्रि नभएको दरभाउपत्र/वोलपत्र फाराम भरी आएको , दरभाउपत्र/वोलपत्रदाताको हस्ताक्षर एवं छाप नभएको , प्रचलित कानुनको रित नपुगेको र शर्त राखि पेश भएको दरभाउपत्र/वोलपत्रउपर कुनै कारवाही हुने छैन । दरभाउपत्र/वोलपत्र वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र/वोलपत्र खोल्न बाधा पर्ने छैन ।

५. दरभाउपत्र/वोलपत्र आफुले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

६.दरभाउपत्र स्विकृत भएमा स्विकृत भएको सुचना प्राप्त भएको मितिले बाटोको म्याद वाहेक ७ (सात) दिनभित्र आफुले कवोल गरेको अंकको ५० प्रतिशत यस कार्यालयको प्राइम कमर्सियल बैंक लि ग-४-२, **००६७०००८६CA** राजश्व कोष खातामा जम्मा गरेको सक्कलै बैंक भौचर र कवुलियत गर्न आउनु पर्नेछ । तर सम्झौताको समयमा कवोल गरेको सम्पुर्ण रकम एकमुष्ठ बुझाउनेको हकमा बैंक जमानत आवश्यक पर्ने छैन , साथै कवोल अंकमा १० प्रतिशत छुट दिन सकिने छ । यसरी छुट दिदा न्युनतम अंकभन्दा कम गरिने छैन । सम्झौताको समयमा ५० प्रतिशत रकम बुझाउनेको हकमा कवोल अंकको ५० प्रतिशत पहिलो किस्ता रकम र कवोल अंकको नियमानुसार लाग्ने कर समेत चुक्ता गर्नु पर्नेछ । बाँकी ५० प्रतिशतमध्ये २५ प्रतिशतले हुने रकम दोस्रो किस्तावापत २०७६ साल फागुन मसान्त सम्म चुक्ता गरिसक्नु पर्नेछ । धरौटी वापत जम्मा भएको रकम लाई अन्तिम किस्तामा मिलाउन पाईने छैन । म्यादभित्र कवुलियत गर्न नआएमा नियामानुसार अर्को दरभाउपत्रदातालाई ठेक्का दिइनेछ ।

७. विगत वर्षहरुमा ठेक्का दिई रकम वुझाउन बाँकी रहेका व्यक्ति वा फर्महरुले बाँकी रकम चुक्ता नगरे सम्म र पेश्की/ वेरुजु बाँकी हुनेले फछ्यौट नगरेसम्म दरभाउपत्र/वोलपत्रमा भाग लिन पाउने छैनन ।

८. राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा तगारो राखी कर संकलन गर्न पाइने छैन । सरकारी वा अन्यकुनै कर ,शुल्क दरभाउपत्र/वोलपत्रदाता आफैले व्यहोर्नु पर्नेछ ।

९. प्राप्त दरभाउपत्र/वोलपत्रहरु स्वीकृत गर्ने नगर्ने वा आंशिक रुपले स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०. ढुङ्गा , गिट्टी र वालुवाको परिमाण IEE मा तोके भन्दा वढी उत्खनन् तथा संकलन गर्न पाइने छैन , उक्त उत्खनन् तथा संकलन गर्ने अवधी असोज १ गते देखी जेष्ठ मसान्त सम्म रहनेछ साथै तत् सम्वन्धी कार्य गर्दा नदीजन्यपदार्थ उत्खनन् ओसार पसार तथा विक्रि वितरण गर्ने कार्यविधि २०७४ बमोजिम गर्नुपर्नेछ ।

११. यसमा उल्लेख भएका कुराहरुमा यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन नियमानुसार तथा सम्झौतामा उल्लेख गरिए बमोजिम हुनेछ ।

यस गाउँपालिकाबाट समय समयमा गरिएका निर्देशनहरुको दरभाउपत्र/वोलपत्रदाताले पालना गर्नु पर्नेछ ।

१२. यस सम्वन्धमा अन्य कुनै थप जानकारी आवश्यक भएमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत